# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत
गण्डकी प्रदेश,

प.सं.: ०७८/०७९

च.नं. :

फलेवास नगर कार्यपालिकाको कार्यालय, खानीगाउँ, पर्वत, गण्डकी प्रदेश, नेपाल, २०७३

२०७९।२।२०
कृष्ण प्रसाद
प्रमुख प्रशासकीय अधिकृत

### आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति:- २०७९।०२।२०

फलेवास नगरपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत विरुवा हाम्रो फल तपाईंको कार्यक्रम अन्तर्गत ७५% अनुदानमा बर्षे फलफुल (आप, लिचि, सुन्तला, कागती, कफि र अलैचि) विरुवा वितरण कार्यक्रम रहेको हुदाँ संचालन गर्न इच्छुक यस नगरपालिका क्षेत्र भित्रका **कृषक / कृषक समुह / सहकारी / निजी फर्मले** यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निवेदन सहित देहाय अनुसारको कागजातहरु सम्बन्धित वडा कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघीप्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**माग गर्ने विरुवा**

| क्र सं. | विवरण | माग गर्ने न्युनतम सङ्ख्या | खाडल खन्ने दुरी (मिटर) |
|---|---|---|---|
| १ | आँप (अम्रपाली) | ५ | ८*८ |
| २ | लिचि | ५ | १०*१० |
| ३ | सुन्तला | १५ | ५-६*५-६ |
| ४ | कागती | १५ | ४-५*४-५ |
| ५ | कफि | १५ | २-२*२-२।५ |
| ६ | अलैचि | ५० | १।२-१।५*१।२-१।५ |

**निवेदन साथ पेश गर्नुपर्ने कागजात**

१. कृषक परिचय पत्र / नागरिकताको प्रतिलिपि।
२. कृषकसमुह/ सहकारी/निजि फार्मको हकमा नियमानुसार दर्ता भएको प्रमाण- पत्रको प्रतिलिपि।
३. कृषकसमुह/ सहकारी/ निजि फार्मको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषकसमुह/ सहकारी/निजि फर्मको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
५. समुह/ सहकारीको हकमा अनुदान माग गर्न गरिएको निर्णय प्रतिलिपि।
६. कार्यक्रम संचालनको लागि जग्गाको लालपुर्जाको प्रतिलिपि / जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ५ बर्षको करार सम्झौता पत्रको प्रतिलिपि।
७. २५% लागत साझेदारी गर्ने स्वघोषणा पत्र।